# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड२५] काठमाडौं, फागुन ४ गते २०३२ साल [संख्या ४४

श्री ५ को सरकार

**सञ्चार मन्त्रालयको**

**सूचना**

प्रेसप्रतिनिधि प्रमाणपत्र नियमहरू, २०३२

छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३२ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "प्रेसप्रतिनिधि प्रमाणपत्र नियमहरू २०३२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "ऐन" भन्नाले छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३२ सम्झनुपर्छ ।

(ख) "प्रेसप्रतिनिधि" भन्नाले कुनै नेपाली वा विदेशी समाचारपत्र वा पत्रिका वा रेडियो वा टेलिभिजन वा फिचर समिति वा समाचार समितिको प्रतिनिधि भई वा फ्रिल्यान्स पत्रकारको रूपमा नेपाल अधिराज्यभित्र काम गर्ने प्रेस-प्रतिनिधिको प्रमाणपत्र पाएको नेपाली वा विदेशी नागरिक सम्झनुपर्छ ।

(ग) "समाचारदाता" भन्नाले देशको विभिन्न जिल्लाको समाचार संकलन गरी कुनै समाचारपत्र वा समाचार समितिहरूमा पठाउने व्यक्ति सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "प्रमाणपत्र" भन्नाले नियम ३ को उप-नियम (५) बमोजिम प्रेसप्रतिनिधि वा समाचारदातालाई दिइने प्रमाणपत्र सम्झनुपर्छ ।

(ङ) "निर्देशक" भन्नाले श्री ५ को सरकारको सूचना विभागको निर्देशक सम्झनुपर्छ ।

३. प्रेसप्रतिनिधि वा समाचारदाताले प्रमाणपत्र लिनु पर्नेः– (१) प्रेसप्रतिनिधि वा समाचारदाताको काम गर्न चाहने व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा आफ्नो पासपोर्ट साईजको दुई प्रति फोटो सहित निर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दरखास्त दिने व्यक्तिले छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ अनुसार आफ्नो समाचारपत्र वा पत्रिकाको रजिष्ट्रेशन गरिएको भए सो रजिष्ट्रेशन नम्बर समेत दरखास्तमा उल्लेख गर्नु पर्नेछ ।

(३) निवेदक विदेशी नागरिक भएमा निजले त्यस्तो समाचारपत्रको सम्पादक, प्रकाशक, समाचार समिति, रेडियो, टेलिभिजन, फिचर समितिको व्यवस्थापक वा व्यूरो चीफका सिफारिश समेत दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(४) निवेदक नेपाली नागरिक भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित नक्कल समेत दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(५) उप-नियम (१) बमोजिम दरखास्त पर्न आएमा निर्देशकले ऐनको दफा २६ को उप-दफा (२) बमोजिम प्रेस काउन्सीलको सिफारिशमा अनुसूची २ बमोजिमको प्रमाणपत्र दिइनेछ ।

४. प्रमाणपत्रको दस्तूरः– प्रमाणपत्रको लागि पच्चीस रूपैयाँ र सो नवीकरण गर्दा पन्ध्र रूपैयाँ दस्तूर लाग्नेछ ।

५. प्रमाणपत्रको अवधि र नवीकरणः– (१) प्रमाणपत्र एक वर्षको लागि बहाल रहनेछ र सो अवधि भुक्तान हुनुभन्दा पन्ध्र दिन अगावै प्रमाणपत्र नवीकरण गराई सक्नु पर्नेछ ।

(२) विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र साधारणतया चार पटक भन्दा बढी नवीकरण गरिने छैन ।

(३) प्रमाणपत्रको नवीकरण गर्नु पर्दा विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताले नियम ३ को उप-नियम (३) बमोजिमको सिफारिश पत्र पुनः पेश गर्नु पर्नेछ ।

६. प्रेसप्रतिनिधि वा समाचारदाताको कार्यक्षेत्रः– (१) नेपाली प्रेसप्रतिनिधि वा समाचारदाताको कार्यक्षेत्र साधारणतया नेपाल अधिराज्य भरै हुनेछ ।

तर विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताको कार्यक्षेत्र काठमाडौं उपत्यका मात्र हुनेछ ।

(२) प्रमाणपत्र प्राप्त विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताले नेपाल अधिराज्यको अन्य कुनै भागमा जान चाहेमा त्यसको कारण उल्लेख गरी निर्देशक समक्ष दरखास्त गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम पर्न आएको दरखास्तमा निर्देशकले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा म्याद तोकी निवेदकलाई छुट्टै अस्थायी प्रमाणपत्र दिन सक्नेछ ।

(४) उप-नियम (२) बमोजिमको अस्थायी प्रमाणपत्र पाउने विदेशी प्रेसप्रतिनिधि वा समाचारदाताले सोही प्रमाणपत्रमा तोकिएको म्याद-समाप्त भएपछि सो प्रमाणपत्र निर्देशककहाँ फिर्ता गर्नु पर्नेछ ।

७. अस्थायी प्रमाणपत्र दिन सकिने:– (१) प्रमाणपत्र नलिएको कुनै प्रेसप्रतिनिधि वा समाचार-दाताले कुनै खास समारोह वा कामको लागि अस्थायी प्रमाणपत्र लिन चाहेमा वा प्रमाणपत्र प्राप्त प्रेसप्रतिनिधि वा समाचारदाताको अनुपस्थितिमा निजको कार्यभार सञ्चालन चाहने व्यक्तिले अस्थायी प्रमाणपत्र लिन चाहेमा आफूले जुन समाचारपत्र वा समाचार समितिमा काम गरेको हो सो संस्थाको सिफारिश र पासपोर्ट साइजको आफ्नो दुई प्रति फोटो सहित निर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा निर्देशकले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा निवेदकलाई अस्थायी प्रमाणपत्र दिन सक्नेछ ।

(३) उप-नियम (२) बमोजिम दिइने अस्थायी प्रमाणपत्रको अवधि तथा अन्य शर्तहरू सोही प्रमाणपत्रमा तोकिए बमोजिम हुनेछन् र यस्तो प्रमाणपत्रको लागि नियम ४ बमोजिम–को दस्तूर लाग्नेछ ।

८. प्रमाणपत्रहरू व्यक्तिगत हुने:– (१) यी नियमहरू बमोजिम कुनै व्यक्तिलाई दिइएको प्रमाणपत्र सोही व्यक्ति बाहेक अरू कसैले उपयोग गर्न पाउने छैन ।

(२) प्रेसप्रतिनिधि वा समाचारदाताले सम्बन्धित संस्थाको प्रतिनिधित्व गर्ने काम छोडेमा निजले स्वयं वा सम्बन्धित समाचार समिति वा समाचारपत्रको व्यवस्थापक वा सम्पादकले एक हप्ता अगावै निर्देशकलाई सूचना दिई प्रमाणपत्र समेत फिर्ता गर्नु पर्नेछ ।

९. निलम्बन वा खारेजी:– (१) निर्देशकले देहायको अवस्थामा प्रेसप्रतिनिधि वा समाचार-दाताको प्रमाणपत्र जुनसुकै बखत निलम्बन वा खारेज गर्न सक्नेछ:–

(क) आफ्नो व्यवसाय अनुकूलको आचरण नगरेमा,

(ख) श्री ५ को सरकारबाट प्रदान गरिएको सहूलियतको दुरूपयोग गरेमा,

(ग) जानी जानी असत्य, भ्रामक वा द्वेषपूर्ण समाचार पठाउने गरेमा,

(घ) ऐन तथा यी नियमहरूको कुनै कुरा उल्लङ्घन गरेमा ।

(२) उप-नियम (१) बमोजिम खारेज भएपछि प्रमाणपत्र खारेज भएको प्रेसप्रतिनिधि वा समाचारदाताले नयाँ प्रमाणपत्र लिन चाहेमा नियम ३ बमोजिम पुनः दरखास्त दिनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम दरखास्त पर्न आएमा निर्देशकले ऐनको दफा २६ को उप-दफा (२) को अधीनमा रही प्रमाणपत्र दिन वा नदिन सक्नेछ ।

१०. खारेजी:– पत्रप्रतिनिधि नियमहरू, २०२१ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२०८

अनुसूची–१

(नियम ३ को उप-नियम (१) संग सम्बन्धित)

प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्रको लागि निवेदनपत्र

फोटो

श्री निर्देशक,
सूचना विभाग,
काठमाडौं, नेपाल ।

महाशय,

म... ... ... ... को तर्फबाट... ... ... भई नेपाल अधिराज्यको ... ... ... ... जिल्लामा मिति... ... ... ... ... देखि... ... ... सम्म काम गर्ने इच्छुक भएकोले प्रेसप्रतिनिधि प्रमाणपत्र नियमहरू, २०३२ बमोजिम स्थायी, अस्थायी प्रमाणपत्र पाउन निवेदन गरेको छु ।

सो नियमावली बमोजिम पेश गर्नु पर्ने निम्नलिखित कागजातहरू समेत यसैसाथ संलग्न छः–

१.
२.
३.
४.
५.

निवेदक

सहीः–

नाम थरः–

नागरिकताः–

ठेगानाः– (क) स्थायीः–

(ख) अस्थायीः–

मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ३ को उप-नियम (५) संग सम्बन्धित)

| श्री ५ को सरकार<br>सञ्चार मन्त्रालय<br>सूचना विभाग | फोटो |
|---|---|

प्रमाणपत्र संख्याः–

## प्रेसप्रतिनिधि वा समाचारदाताको प्रमाणपत्र

प्रेसप्रतिनिधि प्रमाणपत्र नियमहरू, २०३२ बमोजिम प्रेसप्रतिनिधि वा समाचारदाता भई काम गर्ने यो प्रमाणपत्र दिइएको छ ।

१. प्रमाणपत्र पाउने व्यक्तिको नाम र थरः–
२. ठेगानाः– (क) स्थायीः–
(ख) अस्थायीः–
३. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने कामः–
४. प्रमाणपत्र पाउने व्यक्तिले काम गर्ने स्थानः–
५. प्रमाणपत्रको किसिमः– (क) स्थायीः–
(ख) अस्थायीः–
६. प्रमाणपत्रको अवधिः–
७. प्रमाणपत्र नवीकरण गर्नु पर्ने मितिः–
८. अस्थायी प्रमाणपत्रको शर्तहरूः–

प्रमाणपत्र दिने अधिकारीको सहीः–
नामः–
दर्जाः–

मितिः–

उपर्युक्त प्रमाणपत्रलाई निम्न मितिसम्मको लागि नवीकरण गरिएको छः–

| प्रमाणपत्र नवीकरण गरेको मिति । | पुनः प्रमाणपत्र नवीकरण गराउनु पर्ने मिति । | दस्तखत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
६६५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।